# १३. श्री धर्मराज थापा

*[संवत् २०५८ साल कार्तिक २ गते रोज ५ का दिन आयोजित समारोहमा "श्रव्य पाठ्य विभिन्न माध्यमबाट आधा शताब्दीभन्दा लामो अवधिसम्म नेपाली भाषाको सेवा गरी नेपाली वाङ्मयको श्रीवृद्धिमा बहुमुखी विशिष्ट योगदान गरेबापत" प्रदान गरिएको संवत् २०५७ सालको पुरस्कार 'जगदम्बा-श्री' ग्रहण गरेपछि जनकविकेशरी श्री धर्मराज थापाले व्यक्त गर्नुभएको उद्गार। यो उद्गार 'नेपाली' त्रैमासिक अङ्क १६८ बाट उद्धृत गरिएको हो।]*

यस समारोहका आदरणीय अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, विद्वान्-विदुषी तथा प्रिय दाजु-भाइ र दिदी-बहिनीहरू !

मदन र रानी जगदम्बाको नामबाट 'मदन पुरस्कार' र 'जगदम्बा-श्री' पुरस्कार दिने मदन पुरस्कार गुठीको स्थापना हुनुमै नेपाली वाङ्मयका भाषा साहित्य संस्कृतिका सेवी प्रतिभाहरूको निम्ति पुरस्कारको साथै कदर, सम्मान एवं स्वागतको ढोका खुल्नु गौरवको कुरा थियो।

ठीक यसै बडादसैंको पुनीत पर्व पारेर वर्षवर्षमा नेपाली र प्रवासी लब्धप्रतिष्ठ व्यक्तिहरू आफआफ्नै विषयको साधनाबाट वि. सं. २०१३ सालदेखि सम्मानित एवं पुरस्कृत हुँदै पनि गए। यसै क्रममा वि.सं. २०१५ सालमा 'मेरो नेपाल भ्रमण' पुस्तक मदन पुरस्कारको लागि गुठीमा दर्ता गरेको थिएँ। दुर्भाग्यवश त्यही वर्ष २०१६ साल भाद्र २८ गते महाकवि लक्ष्मीप्रसाद देवकोटा परमधाम हुनुभयो। स्वर्गीय देवकोटाको जीवनी नित्यराज पाण्डेज्यूबाट लेखिएछ। त्यस वर्ष त्यही देवकोटाको जीवनी गुठीबाट पुरस्कृत हुन पुग्यो। मैले मित्र नित्यराजजीलाई बधाई पनि दिएँ। मेरो हृदयले उक्त पुस्तकका लेखक पुरस्कृत हुनुभएकोमा अस्वाभाविक मानेन। तर पनि नेपाली साहित्य सङ्गीतको उकालीमा ज्यूज्यानका पर्वाह नगरी एकनिष्ट भै आफूले गरेको साधनाप्रति परीक्षक मण्डलीको विचार नपुगेको होकि भन्ने खल्लो अनुभव मेरो हृदयले नगरेको होइन।

मेरो सानो 'मिर्मिरेको रन्को' नामक पुस्तकमा स्वर्गीय कवि म.वी.वि. शाहज्यूको यौटा शुभाशीर्वाद वचन छाप्ने मैले सौभाग्य प्राप्त गरेको छु। सो के भने–

"परिश्रमी थापाको परिश्रम सधैं ताजा रहोस्" भन्ने। मलाई अहिले त्यस बेलाको तन्देरीपनको बुलबुल शानले भोगेका उत्साही जीवनको तीतोमीठो क्षण याद

आइरहन्छ । वनको दाउरो, पानी पँधेरो, घाँसपातको पायक मिलाई डाँडामाथि चट्ट बसेका घर गोठ-कटेरा, धन्सारहरू गुजुमुज्ज परेका गाउँ घुमेको सम्झनाले कहाली लाग्दछ ।

*"चरी भए उडेर जान्थे*
*माछो भए वयली खेल्दथे ।"* भन्ने गाउन मन लाग्छ ।

प्रवासी नेपाली बन्धु-बान्धवहरूका माझमा लोकगीतको बहार फिँजाउने कार्य गरेको सन्दर्भ सोच्ता अहिले त सपनाझैं लागिरहेछ । त्यो समय नेपाली बस्ती-बस्ती चाहारी परवास घुम्दा–

*"नेपाली खोज तिम्रो कोदाली पाहाड खन्न जाउँ ।"*
*"परवासी आफ्नै देश रमाइलो जाऊँ हिँड नेपालमा ।"*
*"नेपालीले माया मार्‍यो वरिलै ।"*

जस्ता देश, काल, परिस्थिति सम्झाउने खालका कविता-गीत गाएर बोलेर लेखेर भारतवर्षका समृद्धिशाली सहर कलकत्ता बम्बैका म्युजिकल रेकर्ड कम्पनीहरूमा पुगी आफ्ना ती गीतहरू डिस्क रेकर्ड भरेको, घर विर्सिहिँडेको कठोर बाटोमा-

*"घर सम्झी रोएको होला*
*डाँडा काटी गएको नेपाली"* फर्केर हेर्दा अचम्म मान्छु ।

यसरी कविता, नाटककै माध्यमद्वारा मैले नेपाली संसारलाई आफ्नो कण्ठको मधुर झन्कारबाट ब्यूझाउने कठिन कार्य गर्दै आएको थिएँ। त्यतिबेला मेरा अभियानले भाक्सु, पञ्जाव, बकलौदेखि डिल्ली र ईलाहाबाद हुँदै कलकत्ताबाट आसाम, दार्जिलिङ, कालिमपोङ पूरै चियाबगान छिचोलेको थियो ।

*"एटी कली दुटी पान रतनपुर बधिचात*
*लोहपोइया हातेरे कुना नुसुँगिले"* भन्ने असमिया लोकगीत अहिलेसम्म मेरो कण्ठमा बास बसिरहेको छ ।

नेपाली भाषा साहित्यको ठूलो हलचलका साथ सहृदयी भारतीय विद्वान् इलाहावादी पुरनचन्द्र जोशी जसले "नेपालका लाडला जनकवि धर्मराज थापा" शीर्षक दिएर मेरो बारेमा "धर्मयुग" मा (१९५३) एक लेख लेखेर मेरो परिचय भारतीय विद्वान् कलाप्रेमीहरूका माझमा पुर्‍याएका थिए। र महापण्डित राहुल साङ्कृतायनबाट तथा नेपाली मित्रहरूले सहानुभूतिपूर्वक आत्मसात् गरेका थिए । त्यो कुरा अहिले मेरो हृदयले झल्झली सम्झन पुगेको छ। आज "कहाँ गई के हुनेछ र बस माया जोवनै धानेर" गाउन मन लाग्छ। यसप्रकार सम्पूर्ण स्रष्टाको वातावरण र साधनाको प्रयासले प्रवासी हृदयमा भाषा, साहित्य, संस्कृति, कला र राष्ट्रप्रेमलाई जगायो। स्वदेशी गाउँले हृदयमा लोकगीत र लोकनाटयको स्तर र सेवालाई उठाउन पुग्यो ।

यो अन्तरप्रेरणाको स्वाभाविक सहज उत्साह थियो। यो उत्साहले पुनः मदन पुरस्कार प्राप्त गर्न मैले नेपाली भाषा साहित्य र लोकसंस्कृति सङ्गीतको क्षेत्रमा आफू

अझै समर्पित हुने प्रत्येक क्षण सङ्कल्पित गरें। गण्डकी भेकका विभिन्न सुसेलीहरू त्यहाँका लोकजीवन र लोकसंस्कृति 'डाँफेचरी' पत्रिका र पुस्तकहरूका पानाबाट पहिले नै जनसमक्ष आइसकेका थिए। यस क्रममा हाम्रो नेपाल देश विश्वलाई चिनाउने सगरमाथाले–

*"हाम्रो तेन्जिङ शेर्पाले*
*चढ्यो हिमाल चुचुरा"*

भन्ने गीतबाट पहिले नै नेपाली जन हृदयमा स्थान पाइसकेको थियो। नेपालका विभिन्न जिल्ला-लमजुङ, तनहुँ, चितौनहरू र सगरमाथाको सेरोफेरो घुमी तिनमा रहेको ऐतिहासिकता संस्कृति लोक जीवनको अन्तर्मर्म पहिचान गरेर जनसमक्ष ल्याउने गुरुतर भावना उठाउँदै गएँ।

"लोकगीतको लोकप्रियता बढाएबापत" भनी नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले 'श्री ५ ईन्द्रराज्यलक्ष्मी पुरस्कार' (२०२५) सालमा मलाई प्रदान गर्ने घोषणा गर्‍यो। सँगसँगै मैले यथार्थ सामाजिक घटनामा आधारित 'मंगली कुसुम' गीति काव्य (२०२४) मा तयार पारी पुन: मदन पुरस्कार गुठीमा पठाएँ। सौभाग्यले वि.सं. २०२५ सालको पद्यसाहित्य तर्फको 'मदन पुरस्कार' "मंगली कुसुम"ले प्राप्त गर्न सफल भएको थियो।

यसरी आफ्नो स्वाभाविक देशदर्शनका बाटो नछोडी गन्तव्य मार्ग पहिल्याउँदै यात्रा गरिरहेका मलाई नेपाल मात्र होइन नेपाली भाषाभाषीको श्री-वृद्धिमा लाग्ने तमाम भारतमा समेत बसोबास गर्ने स्रष्टाहरूलाई समेत कदर गर्दै आइरहेको यो मदन पुरस्कार गुठीले मलाई रानी जगदम्बाको सम्झनामा स्थापित 'जगदम्बा-श्री' पुरस्कारको चयन कार्यमा अधिसारेको सुन्दा खुसी हुनपुग्नु स्वाभाविकै कुरा हो।

यस सुरु सङ्केतको उपलब्धिले मलाई कता-कता महाभारतका वीरवर अर्जुनका विशिष्टताको सम्झना हुन पुग्यो। जसले दुवै हातबाट अनवरत गाण्डिव धनु चलाउँथे। यो अपूर्व संयोग गायन र लेखन कार्यमार्फत् दैवी देनको रूपमा प्राप्त व्यक्तित्वलाई चयन गरेको अनुभव हुन पुग्यो मलाई।

यो प्रोत्साहनबाट आफ्नो आजको शारीरिक अस्वस्थता र उमेरको स्थितिले गाउँ-घर, लेक-बेसीका लोकजीवनसँग साक्षात्कार गर्न सकिँदैन कि भन्ने मनमा ऋस्का उठ्छ। उठे तापनि लोकजीवनका अन्तस्करणदेखिका सुख-दु:ख, हर्ष-पीरका गुन्जनहरू, ती तरङ्गहरू मेरो मानसपटलमा छालझैं लहराइरहन्छन्। ती तरङ्ग छालरूपी मौलिक भावहरूलाई पुस्तकाकारको रूपमा ल्याउन प्रयासरत रहनेछु।

यस पुरस्कारका निम्ति पुन: यस संस्थाप्रति हृदयैदेखि आभार प्रकट गर्दछु। यस गुठीले नेपाली भाषा र कलाका तपस्वीहरूलाई अगाडि बढ्ने वातावरणको सिर्जना गर्दै यसप्रकारको परम्परा बसाली आफ्नो सुकुमार छवि विश्वमा फिँजाइरहोस् भन्ने हार्दिक शुभेच्छा पनि व्यक्त गर्दछु। धन्यवाद!

⊠ ⊠ ⊠